म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०१ मंगलबार ५ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 21 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं**

भूकम्पले :

- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।

त्यसैले,

- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरमा स्वास्थ्य बीमितले पाएनन् समयमै उपचार

संजीव सुनार

हेटौंडा, ४ मंसिर/ हेटौंडा-४ का राजन ढकालले कात्तिक मसान्तसम्म मात्र स्वास्थ्य बीमाको म्याद भएका कारण असोजकै दिनमा नबीकरण गरे । मंसिर १ गतेदेखि स्वास्थ्यबीमा सुचारु हुनुपर्ने थियो तर, भएन । यतिबेला ढकालको परिबारमा बिरामी भएको खण्डमा स्वास्थ्यबीमाको कार्यक्रमले समेट्दैन भनेर चिन्तित भएका छन् ।

हेटौंडा-१६ का श्याम लामाले गत साउनमा आफ्नो ५ सदस्यको बीमाको नवीकरण रकम भुक्तानी गरे । उनको यही मंसिरको १ गते सेवा सुचारु हुनुपर्नेमा अझै हुन सकेको छैन । श्यामको आफ्नो ७५ बर्षीय आमा मानकुमारी गत असोजदेखि हेटौंडा अस्पतालमा उपचाररत छन् । बीमा सुधिवा सुचारु नहुँदा समस्यामा परेको गुनासो गरे । हेटौंडा-६ का महेन्द्र श्रेष्ठले पनि असारमै नवीकरण वापतको रकम बुझाएका थिए ।

भदौ १ गतेदेखि सेवा सुचारु हुनुपर्नेमा मंसिर १ गतेसम्म पनि श्रेष्ठ परिवारले बीमाबाट हुने उपचार सुविधा उपभोग गर्न पाएका छैनन् । 'मंसिर १ गते शुक्रबार स्वास्थ्य बीमा चालु नभएकै कारण छोराको आखाँको अप्रेशन गराउन पाइन', उनले भने । ढकाल, लामा र श्रेष्ठ प्रतिनिधि पात्र मात्र हुन् । उनीहरु जस्ता धेरै स्वास्थ्य बीमितले समयमै नवीकरण गरेपनि बीमाबाट उपचार सेवा पाउन सकेका छैनन् ।



स्वास्थ्य बीमा नियावली २०७५ का अनुसार 'स्वास्थ्य बीमा' दर्ता होस् या नवीकरणको निवेदन अवधि तीन-तीन महिना, बर्षको चार पटक तोकिएको हुन्छ । त्यसको पाँचौ महिनामा स्वास्थ्य बीमा सेवा सुविधा सुचारु हुने कानुनी प्रावधान छ । तर, मकवानपुरमा नवीकरण गर्न रकम बुझाएकाहरुको तोकिएको अवधि पार गर्दा समेत स्वास्थ्य बीमा सुचारु हुन नसकेको हो ।

स्वास्थ्य बीमा नियमावली २०७५ का अनुसार वैशाखदेखि असार महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको भदौ एक गतेदेखि, साउनदेखि असोज महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको मङ्सिर एक गतेदेखि, कात्तिकदेखि पुस महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको फागुन एक गतेदेखि र माघदेखि चैत महिनासम्म दर्ता वा नवीकरण भएकोमा अर्को वर्षको जेठ एक गतेदेखि हुने व्यवस्था छ ।

मकवानपुरमा स्वास्थ्य बीमा गर्नेको संख्या पनि निरन्तर बढ्दो छ । जसले स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रहेको देखिन्छ । स्वास्थ्य बीमा कार्यक्रमले विपन्न, असहायहरुलाई प्रत्यक्ष लाभ मिलेको छ । तर, स्वास्थ्य बीमा बोर्डको मकवानपुर कार्यालयले समयमै आवश्यक प्रक्रिया पूरा गर्न नसकेका कारण बीमितहरुको आधारभूत आवश्यकतामाथि खेलबाड भइरहेको हो । बीमाको रकम तिरेपछि पनि सेवा नपाउनु सामान्य विषय नभई राज्यको तर्फबाट भएको गम्भीर त्रुटी रहेको सरोकारवालाहरु बताउँछन् ।

मकवानपुरमा स्वास्थ्य बीमा गर्ने ३० हजार ५ सय २ जना थपिएका छन् । जिल्लामा बीमा गर्नेको संख्या २ लाख १० हजार ५ सय ५१ पुगेको दर्ता अधिकारी नर बहादुर खड्काले जानकारी दिए । गत वर्षसम्म एक लाख ७२ हजार ४९ जनाले स्वास्थ्य बीमा गराएका थिए । बीमा नवीकरण गराउनेको करिब ९२ प्रतिशत रहेको उनको भनाई छ ।

स्वास्थ्य बीमा बोर्ड मकवानपुरका दर्ता अधिकारी खड्का कर्मचारी अभावका कारण बीमा नवीकरण हुन नसकेको बताउँछन् । 'हाम्रो कार्यालयको दरबन्दी ६ जनाको हो, अहिले हामी ४ जना मात्रै छौं ।', उनले भने, '६ जना कर्मचारीले गर्ने काम ४ जनाले गर्दा नभ्याएको हो ।', खड्काका अनुसार चालु आर्थिक वर्षमा नवीकरणका लागि आएका करिब ५० प्रतिशत स्वास्थ्य बीमाका निवेदनहरु सुचारु हुन बाँकी छ । स्वास्थ्य बीमा एक्टिभ नभएकाहरुको सोमबारबाटै क्रमश: सुचारु हुँदै जाने खड्काले बताए ।

पछिल्लो १० महिनादेखि स्वास्थ्य बीमा बोर्ड नेतृत्वबिहिन अवस्थामा पुगेपछि देशभर समस्या सृजना भएको बताइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतको हस्तक्षेपका कारण बोर्ड १० महिनादेखि नेतृत्वबिहीन बन्न पुगेको आरोप लगाइएको छ । नियमित कार्य संचालनमा मात्रै नभई कर्मचारी भर्नाको बिषयमा समेत हस्तक्षेप गरेको मन्त्री बस्नेतमाथि आरोप छ ।

स्वास्थ्य बीमा बोर्डका अनुसार देशका ७७ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रमलाई सक्रिय रुपमा अगाडि बढाउनलाई कर्मचारी भर्ना गर्न लागिएको थियो । आवश्यक कर्मचारी भर्ना गर्ने क्रममा लिखित परीक्षा सकेर परीक्षामा पास भएकाको नाम सार्वजनिक गर्ने स्वास्थ्य बीमा बोर्डको तयारी थियो । तर, मन्त्री बस्नेतले यो परीक्षाको नतिजा प्रकाशन गर्न पनि रोकेको आरोप छ ।

# पिप्लेक्याम्पा रंगशालामा आजदेखि च्यालेन्ज कप फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडामा पहिलो यू-२१ हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिता आज मंगलबारबाट सुरु हुँदैछ ।

एफसी मुण्डियाल हेटौंडाको आयोजनामा स्व. सुदर्शन घिमिरे स्मृति च्यालेन्ज कप फुटबल प्रतियोगिताको तयारी पूरा भएको मुण्डियालका अध्यक्ष सुविन घिमिरेले जानकारी दिए ।

मुण्डियालद्वारा सार्वजनिक खेल तालिका अनुसार उद्घाटन खेलमा बारा जिल्लाको सिमरास्थित नवजनजागृति युवा क्लब र हेटौंडा-७ नागस्वतीस्थित नागस्वती युवा क्लबबीच खेल हुने तय भएको छ । मंगलबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा आयोजना हुने प्रतियोगिताको फाइनल खेल मंसिर १३ गते बुधबार हुने तालिका छ ।

'राष्ट्रिय खेलाडी बन्ने होड, उत्पादनमा जोड' भन्ने नाराका साथ उमेर समूहको प्रतियोगितामा सर्वाधिक राशी सहितको फुटबल हुन लागेको आयोजक मुण्डियालका अध्यक्ष घिमिरेले जानकारी दिए ।



मकवानपुरका युवा खेलाडी लक्षित प्रोत्साहन गर्न प्रतियोगिताको आयोजना गरिन लागिएको कार्यक्रम संयोजक सुदीपसिं ठकुरीले बताए । प्रतियोगितामा जिल्ला बाहिरका ३ टिम र जिल्ला ११ वटा टिमसहित १४ वटाले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । विजेताले एक लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेताले ५५ हजारसहित शिल्ड र मेडल प्राप्त गर्ने जनाइएको छ ।

विधागत पुरस्कारतर्फ पाँच जना उत्कृष्ट खेलाडीले जनही पाँच हजार प्राप्त गर्नेछन् भने प्रत्येक खेलको म्यान अफ दी म्याचमा प्रत्येकले २ हजार ५ सय प्राप्त गर्ने एफसी मुण्डियालका अध्यक्ष घिमिरेले बताए । प्रतियोगितामा हिली फिल्डर्स गोरखा एफसी, नवजागृति युवा क्लब सिमरा, वीरगञ्ज स्पोटर्स पर्सा, न्यू डाँफे युथ क्लब हेटौंडा, एफसी रिगल हेटौंडा रिसोर्ट, पदमपोखरी फुटबल एकेडेमी, निलगगन युवा क्लब हेटौंडा, सहिदस्मृति क्लब बागमती गाउँपालिका, हेटौंडा फुटबल एकेडेमी, थाहा नगरपालिका, रियल स्टार क्लब हेटौंडा, कमाने फुटबल एकेडेमी हेटौंडा, नागस्वती यूथ क्लब हेटौंडा र आयोजक एफसी मुण्डियाल हेटौंडाले सहभागिता जनाउने कार्यक्रम संयोजक ठकुरीले बताए ।

# थाहा महोत्सवमा ५२ कलाकार आउने




साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/थाहा नगरपालिमा आगामी १४ मंसिरदेखि २५ मंसिरसम्म सञ्चालन हुने चौंथो थाहा महोत्सवमा ५२ जना कलाकार आउने भएका छन् ।

महोत्सवमा हरेक दिन राष्ट्रिय कलाकारले प्रस्तुति दिने भएका छन् । मुख्य आयोजक थाहानगर उद्योग वाणिज्य संघका महासचिव जर्मलाल श्रेष्ठले हरेक दिन ख्यातिप्राप्त राष्ट्रिय कलाकारबाट सांगीतिक प्रस्तुती रहनेगरी कार्यक्रम तालिका बनाइएको जानकारी दिए । इन्द्रायणीचौरमा हुने महोत्सवमा प्रस्तुतीका लागि धेरैजसो कलाकारको टुंगो लागिसेकेको र केही ख्यातिप्राप्त कलाकारसँग कुरा भइरहेको उनले जानकारी दिए ।

श्रेष्ठकाअनुसार महोत्सवमा चर्चित गायक शिव परियार, सुगम पोखरेल, रचना रिमाल, एलिना चौहान, छेवाङ लामा, ज्योति मगर, अस्मिता अधिकारी, मिस्टर डि., दुर्गेश थापा, आस्था राउत, बद्री पंगेनी, राजु परियार, जीवन शर्मा, प्रताप दास, पशुपति शर्मा, रमेश प्रशाई, प्रिति आले, रमेशराज भट्टराई, बबिता बानिया (जेरी) लगायत कलाकार आउने भएका हुन् ।

# 'शिक्षामा बुद्धिचाल' कार्यक्रमको घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ नेपाल बुद्धिचाल महासंघले निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) सँगको सहकार्यमा शिक्षामा बुद्धिचाल (चेस इन एजुकेसन) कार्यक्रम घोषणा गरेको छ । महासंघले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी आगामी पाँच वर्षको लागि यो कार्यक्रमको घोषणा गरेको हो ।

महासंघका अनुसार शिक्षामा बुद्धिचाल अन्तर्गत बागमती प्रदेशमा रहेका प्याब्सनमा आबद्ध विद्यालयमा सुरुमा बुद्धिचाल खेलको प्रशिक्षक दिने र त्यसपछि प्रत्येक स्कुलमा बुद्धिचाल प्रतियोगिता आयोजना गरी दुई-दुई जना खेलाडी (पुरुष/महिला) छनोट गर्नेछ । छनोट भएका खेलाडीबिच प्रदेशस्तरीय प्रतियोगिता गराएर कम्तीमा १० जना खेलाडीलाई कक्षा ४ देखि १२ कक्षासम्म पठनपाठनको लागि नि:शुल्क छात्रवृत्ति प्रदान गरिने छ ।

कार्यक्रम पाँचवर्ष चल्ने र भविष्यमा अन्य प्रदेशमा पनि विस्तार गरिँदै लगिने बताइएको छ । महासंघले कार्यक्रमका लागि प्याब्सन बागमती प्रदेशसँग पाँचवर्षे सम्झौता गरेको छ । सोमबार नै सम्झौतापत्र महासंघका कार्यवाहक अध्यक्ष हेराकाजी महर्जन र प्याब्सन बागमती प्रदेशका अध्यक्ष केशवलाल श्रेष्ठले आदानप्रदान गरे ।

बुद्धिचाल खेलको विकासका लागि विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्ने र राम्रा खेलाडीलाई पठनपाठनको लागि छात्रवृत्तिको व्यवस्था गरिनु महत्वपूर्ण भएको महासंघका महासचिव धर्म लामाले बताए । महासंघका अध्यक्ष महर्जनले प्याब्सनसँगको सहकार्यले बुद्धिचाल खेलको विकासमा नयाँ आयाम थपिएको बताए ।

महासंघले प्रतियोगिता सञ्चालन गर्नुअघि हरेक विद्यालयमा शिक्षकलाई बुद्धिचाल खेलको प्राविधिक प्रशिक्षण दिने जनाएको छ । शिक्षामा बुद्धिचाल कार्यक्रमको सम्पूर्ण खर्च प्याब्सन बागमती प्रदेशले गर्ने अध्यक्ष श्रेष्ठले बताए । हाल बागमती प्रदेशमा प्याब्सनसँग करिब चार हजार विद्यालय आबद्ध रहेको बताइएको छ ।

# टाटा सुमोको मनपरी रोकिएन, स्थानीय प्रशासन मौन



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा-काठमाडौं चल्ने सुमोहरुले यात्रुसँग मनपरी भाडा असुलिरहेको पाइएको छ । यात्रुसँग भाडा तोकिएभन्दा दोब्बरसम्म असुली गर्दा पनि प्रशासनको उपस्थिति हुन नसकेको आरोप लागेको छ ।

दसैं, तिहार र छठ पर्वको मौका छोपेर सुमोले तोकिएभन्दा बढी भाडा लिएका हुन् । हेटौंडाको ९० प्रतिशत सुमो काउन्टरले हेटौंडा-काठमाडौंका लागि प्रतियात्रु एक हजार रुपैयाँ भन्दा बढी भाडा लिएका छन् । हेटौंडा-काठमाडौंको सुमो भाडादर ६५० रुपैया प्रतिव्यक्ति तोकिएको भएपनि छठ पछि काठमाडौं फर्कने यात्रुको चाप बढी हुने मौका छोपेर सुमो काउन्टरहरुले बढी भाडा असुलेका हुन् ।

हेटौंडाबाट काठमाडौं जानका लागि सुमो काउन्टर पुगेका बकैयाका सुमन खत्रीले तोकिएभन्दा दोब्बर भाडा सुमो काउन्टरमा मागेको गुनासो गरे । उनले हेटौंडाको आधा दर्जन बढी सुमो काउन्टरमा पुगेर टिकट काट्न खोज्दा सबैले हेटौंडाबाट काठमाडौं जान एक हजार मागेको जानकारी दिए ।

१० प्रतिशत सुमो काउन्टरले मात्रै तोकिएको भाडा दरमा यात्रु बोकिरहेका छन् भने अन्य सबै सुमोले हजार बढी भाडा लिएको जनगुनासो छ । मकवानपुरगढीका कृष्णप्रसाद चौलागाईले पनि काठमाडौं जान एक हजार तिर्नुपरेको गुनासो गरे । हेटौंडा-१२ का सुरज थिङ पनि चाडपर्व सकेर काठमाडौं जानका लागि सुमो काउन्टरमा पुगेका थिए । काठमाडौं जानका लागि उनले पनि सुमोलाइ एक हजार रुपैयाँ बुझाएको बताए ।

सयौं यात्रुलाई हेटौंडाबाट छोटो दुरीमा चल्ने यातायातका साधनले दैनिक सास्ती दिँदासमेत स्थानीय प्रशासन भने मौन छ । चाडपर्वमा समस्यामा परेका यात्रुलाई सेवा दिनुको साटो दैनिकरुपमा खुलेआम ठगीधन्दा चलाउँदासमेत प्रशासन मौन छ भने आँखैअगाडि भएको ठगीको साक्षी बस्दै प्रहरीले पनि ठगहरुको धन्दामा थप टेवा पुऱ्याएको पीडितको आरोप छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'फास्ट ट्र्याक'को उत्साह

अधिकांश भूभाग मकवानपुरमा पर्ने राष्ट्रिय गौरवको काठमाडौं-तराई मधेस सडक आयोजना (फास्ट ट्र्याक)को सुरुङ र ठूला पुलको निर्माण तीव्रगतिमा अघि बढेको छ । मुलुकको 'समृद्धि ढोका' भनिने फास्ट ट्र्याक बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकामा पर्दछ । मकवानपुरको भीमफेदीस्थित महादेवटार, धेद्रे र बकैयाको लेनडाँडामा सुरुङ र अग्ला पुल निर्माण भइरहेका छन् । अनेकौं चुनौतीकाबीच राष्ट्रिय गौरवको काठमाडौं-तराईरमधेस सडक आयोजना निर्धारीत समयभित्रै सम्पन्न गर्ने गरी निर्माणलाई तीव्रता दिइएको बताइएको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको मुलुकको सर्वाधिक प्राथमिकतामा रहेको यो आयोजनाको भौतिक प्रगति २७ दशमलव १९ र वित्तीय प्रगति २९ दशमलव ३२ प्रतिशत छ । आयोजनाको मुख्य चुनौतीका रुपमा लिइएको सुरुङ र अग्ला विशिष्ट प्रकृतिका पुल निर्माण लक्ष्यअनुरुप र उत्साहजनक ढंगले प्रगति भइरहेको बताइएको छ । हालसम्म निर्माणाधीन सुरुङको कुल लम्बाइ ६ दशमलव ४ सय १५ किलोमिटरमध्ये तीन दशमलव १ सय ३५ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको छ । ३ दशमलव ३ सय ५५ किलोमिटर लामो महादेवटार सुरुङमा एक दशमलव ४ सय ९० किलोमिटर निर्माण भएको छ ।

यस्तै एक दशमलव ६३ किलोमिटर लम्बाइको धेद्रे सुरुङमा ८ सय ६ मिटर तथा एक दशमलव ४३ किलोमिटरको लेनडाँडा सुरुङमा ८ सय ५७ मिटर निर्माण भइरहेको हो । सुरुङमार्गको दुवैतर्फबाट खन्ने र सँगसँगै 'फिनिसिङ' गर्ने काम भइरहेको छ । गहिरा खोचमा अग्ला प्रकृतिको पुल निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको बताइएको छ । प्याकेज नम्बर १ देखि ५ सम्मका ४५ वटा पुलको डिजाइन सम्पन्न भएको र एक हजार सात सय ६८ 'पाइल'मध्ये एक हजार एक सय ७५ पाइल निर्माण भइसकेको जनाइएको छ । द्रुतमार्गमा ८२ मिटर अग्ला 'टावर' तथा चार सय मिटरभन्दा लामा पुल निर्माण हुनेछन् । आयोजना निर्धारीत समयमै सम्पन्न गर्नेगरी १३ वटा प्याकेज बनाई निर्माणलाई अगाडि बढाइएको छ । प्याकेज नम्बर १ देखि ७ सम्मका प्याकेज निर्माणाधीन अवस्थामा छन् । आयोजनाको पुरक विस्तृत परियोजना प्रतिवेदन समयमै स्वीकृत नहुँदा आयोजनाको बाँकी जग्गा अधिग्रहण एवं वातावरणीय प्रभाव मूल्यांकन तथा रुख कटानमा जटिलता थपिएको नेपाली सेनाले जनाएको छ । यसअघि स्वीकृत विस्तृत परियोजना प्रतिवेदन 'डिपिआर'मा आयोजनाको दुवैतर्फका प्रवेशबिन्दु तथा विश्रामस्थलमा इन्टरचेञ्ज तथा टोल प्लाजाको व्यवस्था नभएकाले सेनाले पूरक विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पठाएको थियो । सरकारले विसं २०७४ वैशाख २१ गते काठमाडौं र तराई-मधेसलाई जोड्ने यो रणनीतिक आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिने निर्णय गरेको थियो । विसं २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढबाट यो आयोजनाको शिलान्यास गरेका थिए ।

सरकारले गत असोज ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत गरेको हो । डिपिआरअनुसार द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९ सय ७७ किलोमिटर रहेको छ । आयोजनामा ६ वटा सुरङमार्ग रहेका छन् । सुरुङमार्गको कुल लम्बाइ १० दशमलव ०५५ किलोमिटर रहेको छ । देवीचौरमा एक, सिसौटार मा शून्य दशमलव ३९, चन्द्रामभिरमा दुई दशमलव २५, महादेवडाँडामा तीन दशमलव ३ सय ५५, धेद्रेमा एक दशमलव ६ सय ३० र लेनडाँडामा एक दशमलव ४ सय ३० किलोमिटर लामा सुरुङ निर्माण हुनेछन् । अहिले महादेवडाँडा र लेनडाँडामा सुरुङ निर्माणको काम तीव्रगतिमा अगाडि बढिरहेको छ । द्रुतमार्ग 'एसियन हाइवे' मापदण्डको हुने बताइएको छ । यो सडकमा दुईपाङ्ग्रे सवारी गुडाउन निषेध गरिनेछ । आयोजनामा १२ दशमलव ८ सय ८५ किलोमिटर लम्बाइका विभिन्न ८९ वटा पुल निर्माण गरिनेछ । मकवानपुरको बुदुनेमा सडकको दुवै किनारामा दुई विश्रामस्थल हुनेछन् । ती विश्रामस्थलमा पेट्रोलपम्प, शौचालय, होटललगायतका सुविधा रहनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ६ गते बुधबार, २२ नोभेम्बर २०२४ । दशमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ५:०८ । बलम्बु महालक्ष्मी यात्रा । फूलखर्क (धादि) गंगाजमुनामेला ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दिन राम्रोसँग बित्नेछ | तुला | : परीक्षामा सफलता मिल्नेछ |
| वृष | : चोट लाग्ने सम्भावना देखिन्छ | वृश्चिक | : पढाइमा रुचि बढ्नेछ |
| मिथुन | : चिन्ता, भय र आशंका बढ्नेछ | धनु | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| कर्कट | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | मकर | : शुभ समाचार मिल्नेछ |
| सिंह | : काममा प्रगति हुनेछ | कुम्भ | : भाग्योदयको योग छ |
| कन्या | : व्यापारमा लाभ हुनेछ | मीन | : सहयोगी हातहरु बढ्नेछ |

# सोखका रूपमा भित्रिएको कफी व्यावसायिक रूपमा कति सफल ?



✍ नवराज सापकोटा



'कफीको क्षेत्रको प्रवर्धन र संरक्षण, दिगो उत्पादनमा महिला र युवालाई प्रोत्साहन' नाराका साथ कफी दिवस (मंसिर १) सम्पन्न भएको छ । दिवसका अवसरमा कफीको न्यूनतम् मूल्य निर्धारण भयो । जिल्ला स्तरमा केही कार्यक्रम सञ्चालन भए ।

नारामा भनिएजस्तै नेपाली कफीखेतीको विकास तथा विस्तारको अवस्था के छ ? कफी खेतीमार्फत दिगो उत्पादनमा भएका प्रयास कतिको प्रभावकारी छन् ? यसबारे चर्चा गरौँ ।

नेपालका १९९५ सालमा सोखका रूपमा कफी भित्रिएको थियो । गुल्मीको आँपचौरमा हिरा गरीले बर्माबाट ल्याएर रोपेको बिउलाई नै कफीको सुरुवात मानिन्छ । व्यावसायिक खेतीको सुरुवात भने ढिलो गरी भएको इतिहास छ । २०३३ सालमा नेपाल सरकारले कृषि विकास बैंकमार्फत भारतबाट अरेबिका जातको कफी झिकाई पश्चिम नेपालबाट कफी खेतीमा व्यावसायिकताको सुरुवात गरेको देखिन्छ ।

नेपाल सरकारले २०४१ सालमा नेपालमा कफी भित्रिएको स्थान गुल्मीको आँपचौर मा कफी विकास केन्द्रको स्थापना गरेको थियो । कफीखेती विकास र विस्तारकै लागि राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना भयो । कफी खेती तथा बजार विस्तारको उद्देश्यसहित विभिन्न समयमा महोत्सव अनि कार्यक्रम सञ्चालन भए । अहिले पनि कफीखेती विस्तारका काम निरन्तर सञ्चालनमा छन् ।

२०६० को दशकबाट कफी उत्पादनमा वृद्धि भएको तथ्यांक हेर्न सकिन्छ । कफी खेती प्रर्वद्धनका लागि दातृसंस्थाहरूको सहयोग, कृषकस्तर सम्म पुगेर गरेका प्राविधिक ज्ञान विस्तार, आवश्यक प्रविधि उपकरणको व्यवस्थापन पछि जैविक पद्धति अनुसार कफीखेती तीव्र रूपमा विकास हुनुका साथै उत्पादनमा वृद्धि भएको देखिन्छ ।

उक्त अवधिमा गुल्मी, पाल्पा, स्याङ्जा, कास्की, पर्वत, ललितपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक नुवाकोट लगायत जिल्लामा हजारौं कफी कृषक व्यावसायिक भइसकेका थिए । कफीखेतीका लागि उपयुक्त हावापानी उचाइ भएका थप ३० भन्दा बढी जिल्लामा कफी रोपण सुरु भएको थियो ।

जुन समयमा कफीखेती गर्ने कृषकको समूह, संघ, महासंघ तथा सहकारीहरू जिल्ला तथा केन्द्रीय स्तरमा निर्माण भए । कफीको बजारीकरणका लागि यही अवधिमा विभिन्न प्रयास भए, आवश्यक कार्य गरिए । जापान अमेरिका लगायत युरोपियन मुलुकहरू कफीको अन्तर्राष्ट्रिय दिगो बजारका रूपमा विकास भए ।

ग्रामीण क्षेत्र, वनपाखा बिचको पातला बस्ती सँगैका पाखा बारीमा जैविक गोठे मलकै अधिक प्रयोगबाट उत्पादन भएकै कारण विदेशी बजारमा जैविक कफीको रूपमा नेपाली कफीले बजार पायो । बगैँचामा जैविक प्रविधिको प्रयोग तथा क्रेता संस्थाको निरीक्षण पछि केही जिल्लाका कफी बगैँचाले जैविक प्रमाणीकरण प्रमाणपत्र पनि पाउन सफल भए । यी क्रियाकलाप कफीखेती विस्तार तथा प्रवर्द्धनका लागि कफी कृषक माझ अवसरका रूपमा रह्यो ।

यही बिचमा सरकारले कफी दिवस मनाउन सुरु गर्यो । हरेक वर्ष न्यूनतम समर्थन मूल्य जारी गर्न थाल्यो । कृषक स्तरमा बनेका समूह सहकारीले सङ्गठित रूपमा कफी संकलन, प्रशोधन तथा बजारीकरणको सुरुवात गरे । परिणामत: अहिले केही जिल्लाका सहकारीले विदेशी कम्पनीसँग सिधा सम्झौता गरी उच्च मूल्यमा कफी निर्यात गरेका छन् ।

कृषक तथा कफी सहकारीहरूले राम्रो आम्दानी गरिरहेका छन् । दिगो बजार निर्माणमा सफल भएका छन् । विदेशी कम्पनीहरूको मागसँगै व्यपारीहरूको उपस्थिति पनि उत्तिकै छ । प्रतिस्पर्धात्मक मूल्यसहित खरिदकर्ताहरू कृषकसम्म पुग्ने गरेका छन् । जसकारण सरकारले तोकेको समर्थन मूल्यभन्दा कृषकले सधैं उच्च मूल्य प्राप्त गर्न सफल छन् ।

नेपाली कफीको गुणस्तरकै कारण विदेशी बजारमा अहिले पनि माग उच्च छ । नेपाली उत्पादनले हरेक वर्ष विदेशी कम्पनीबाट मूल्य वृद्धिसहित भएको माग परिमाण पुर्‍याउन सकिरहेको छैन । नेपालमा विकसित कफी संस्कृतिका कारण देशभित्रै पनि कफी पारखीको संख्या बढ्दो छ । जसले नेपाली कफीको बजार सुदृढ हुँदै गएको देखिन्छ । पछिल्लो समय कफी विकासमा सहयोग गर्ने ठूला दातृ संस्थाहरूले हात झिकेका छन् । सीमित क्षेत्रमा कार्य गरिरहेका केही संस्थाले कफीखेती विस्तारको काम गरे पनि समग्र उत्पादनमा प्रत्यक्ष प्रभाव पार्न सकेको तथ्यांक भने देखिँदैन । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार कफीखेतीको सम्भावित भूगोलको विषयमा गरिएको अध्ययनबाट देशभर ११ लाख ९८ हजार ५३५ हेक्टर जग्गामा कफीखेतीको सम्भावना छ । यसमध्ये ६१ हजार २२८ हेक्टर जग्गा कफीखेतीका लागि अति उत्तम छ । हाल तीन हजार ६५५ हेक्टर क्षेत्रफलमा मात्र कफीखेती गरिएको छ । यसरी हेर्दा कफीखेती हुने क्षेत्र अझै बृहत छ । तथ्याङ्कमा कफीखेती गरिएको क्षेत्रफल हरेक वर्ष बढेको देखिन्छ । २०७१/७२ मा दुई हजार ३८१ हेक्टर क्षेत्रफलमा गरिएको कफीखेती त्यसको पाँच वर्षपछि २०७५/७६ सालमा आइपुग्दा दुई हजार ७६१ हेक्टर र २०७९/८० मा तीन हजार ६५५ हेक्टर क्षेत्रफल उल्लेख छ ।

कफी खेतीको क्षेत्रफल विस्तार सँगै उत्पादन परिमाण हेर्दा २०७२ मा ४६३ मेक्ट्रिकटन उत्पादन भएकामा हरेक वर्ष क्रमश: घटेर २०७९ मा आइपुग्दा ३९४ मेक्ट्रिक टनमा खुम्चिएको छ । यो तथ्याङ्कका आधारमा कफीखेतीको क्षेत्रफल बढ्दो तथा उत्पादन घट्दो देखिन्छ ।

खेती क्षेत्र बढ्दो तर उत्पादन परिमाण घट्दो कसरी भयो ? यो अध्ययनको विषय बनेको छ । कफीखेतीमा सरकारी स्तरबाट पछिल्लो समय गरिएको लगानी र त्यसको प्रतिफलको विषयमा अध्ययन गर्ने हो भने पनि केही कारण पत्ता लाग्न सक्छन् । रोपिएका बिरुवाको संख्याका आधारमा क्षेत्रफल गणना गरिने तर रोपण गरिएका बिरुवाको अवस्थाका विषयमा अनुगमनको अभावका कारण पनि यस प्रकारका तथ्याङ्क संकलन भएको हुन सक्छ ।

पछिल्लो समय कफी पकेट क्षेत्र तथा जोनका रूपमा कृषकको सहभागिता रहने गरी सरकारी स्तरबाट लगानी छ । जुन कार्यक्रम स्थानीय संस्था सहकारीहरूमार्फत कार्यान्वय गरिन्छ । यस प्रकारका कार्यक्रम सञ्चालन गर्ने संस्थाको छनोटबाट पनि समस्या उत्पन्न भएको देखिन्छ । धेरै संस्थामार्फत सञ्चालन भएका कार्यक्रममा कृषकलाई खेती, प्रविधि र रोगकीरा व्यवस्थापनसम्बन्धी सीप प्रदान गर्ने कार्यक्रम खासै देखिएनन् । आर्थिक वर्षको अन्त्यमा सम्झौता हुने यस्ता कार्यक्रमबाट हतार-हतारमा बिरुवा वितरण कृषि सामग्री तथा उपकरण वितरणमा लक्षित कार्यक्रम कफी उत्पादन वृद्धिका हिसाबले कम प्रभावकारी देखिएका छन् । कार्यक्रम सञ्चालन गर्ने संस्थादेखि कृषि ज्ञान विकास कार्यालयको समेत यही ढंगले कार्यक्रम सञ्चालन गर्ने चाह देखिने गरेको छ ।

कफी बिरुवा रोपणपछि पहिलो वर्ष अस्थायी छहारीको अभाव भएमा बिरुवा हुर्काउन कठिन पर्छ । सेतो, रातो गोबारो डढुवा, ढुसीजन्य रोगका कारण ठूलो क्षेत्रमा कफीका बोट विनाश भएका छन् । यसरी हुने कफीको क्षति रोक्न कृषक सम्बन्धित संस्थाहरूमार्फत कार्यक्रम सञ्चालन गर्न सकिन्छ । कफी कृषक आबद्ध नभएका संस्थामार्फत गरिएका कार्यक्रम प्रभावकारी नहुन सक्छन् । जसले कफीखेतीका लागि गरिएको लगानी बालुवामा पानी समान हुने निश्चित छ ।

अन्य बालीनाली कम हुने नेपालका पहाडी क्षेत्रका भिराला पाखाबारी कफीखेतीका लागि उपयोगी हुनु सबैका लागि अवसर पनि हो । यहाँको हावापानीमा उत्पादित कफीमा गुणस्तर राम्रो पाइनु र विदेशीबाट उच्च माग हुन अर्को सुखद पक्ष हो । योसँगै देशमा विकास हुँदै गरेको कफी संस्कृति थप अवसर हो । कृषकका अन्य उत्पादनले मूल्य नपाएको गुनासो बढिरहेका बेला हरेक वर्ष मूल्य बढ्नु, उत्पादनको तुलनामा माग बढी हुनु र कफीका लागि उपयोगी जमिन पनि हुनुले कफीखेतीको भविष्य दिगो रहेको प्रस्ट हुन्छ ।

सरकारी स्तरबाट सञ्चालित कार्यक्रम प्रभावकारी एवम् योजनाबद्ध ढंगले सञ्चालन गर्न सके कफीखेती नेपाली कृषकका लागि मात्र नभई सरकारी पक्षका लागि पनि वरदान साबित हुन सक्छ । सरकारी रकमको पनि सदुपयोग हुन्छ । लक्षित समूहले लाभ प्राप्त गर्न सक्छ । पाखाबारीमा कम मेहनतबाट उत्पादित बालीले सहज ढंगले विदेशी मुद्रा आर्जन गर्न सक्छ । यसका लागि पालिका, प्रदेश तथा संघले उचित कार्यक्रम तय गरी कार्यान्वयन गर्न जरुरी छ । स्रोत: रातोपाटी

# देशको समस्या एकातिर, एमालेको चिन्ता अर्कोतिर



✍ डा. अतीन्द्र दाहाल

आजकाल सामाजिक सञ्जालमा दुर्गा प्रसाईं छाएको छाएकै छन् । नेकपा एमालेका पूर्व केन्द्रीय सदस्य रहेका प्रसाईं आजकाल विशेषत: एमाले पार्टीप्रति अनुदार, आक्रामक र अशोभनीय प्रस्तुति दिइरहेका छन् । पछिल्ला परिस्थितिले यो पंक्तिकार लगायत थुप्रै अध्येतालाई अनेकन् प्रश्न निर्माण गरेको छ । प्रसाईंका अतिरिक्त अन्य केही अवाञ्छित र अनुचित आश्चर्यहरूले पनि कहिलेकाहीं यो पंक्तिकारलाई द्विविधा हुने प्रश्नहरू जन्माएका थिए ।

**द्विविधाजन्य प्रश्नहरू**

समाचारमा पढेको थिएँ, केही वर्ष पहिले सुनकोशी नदीमाथि बनेको एउटा पुल हावाले भत्कायो । प्रश्न उब्जियो, हावा बलियो कि पुल कमजोर ? भारतमा नरेन्द्र मोदी प्रथम पटक सुविधाजनक बहुमतसाथ प्रधानमन्त्री निर्वाचित भएपछि यो पंक्तिकार स्वयंले एक अन्तर्राष्ट्रिय सम्मेलनमा चर्चा गरेको थियो, 'मोदीले जितेको कि राहुल गान्धीले हारेको ?'

अहिले यस्तै एउटा प्रश्न उब्जिएको छ, दुर्गा प्रसाईं बलियो भएका हुन् कि एमाले चाहिं कमजोर बन्दै गएको हो ? एउटा सामान्य र हावादारी व्यक्तिको हुँकारमा किन यसरी एउटा स्थापित पार्टी डराउनुपर्छ ? टिकटक बन्द गर्नु वा गराउनुमा पनि कतै यही काण्डको हात त छैन !एमाले अध्यक्ष स्वयंले प्रसाईंका कारण टिकटकबाट आफू आजित भएको भनेर सरकारलाई सिकायत गरेको समाचार बाहिरिएका थिए । टिकटक प्रतिबन्ध गलत वा सही भन्नेचाहिं अरूले केवल तर्क दिने मात्र हो, अब अन्तिम न्याय निरुपण भने सम्मानित अदालतबाट नै हुनेछ । तर सामाजिक सञ्जाल अबको राजनीतिमा महत्वपूर्ण हतियार चाहिं हो ।बाराक ओबामाले प्रथम पटक राष्ट्रपति निर्वाचित भएपछि स्मार्ट फोन निर्माण गर्ने व्यक्तिलाई फोन मार्फत नै धन्यवाद दिएका थिए । किनकि त्यो फोन अथवा त्यसमा चल्ने सामाजिक सञ्जालले उनको विजयी यात्रा सुनिश्चित गर्न ठूलो योगदान गरेको थियो । आजको समयलाई 'गभर्मेन्ट इन पकेट' भनिन्छ । सबैको खल्तीमा यस्तो उपकरण छ जसले सरकारका बारेमा थाहा पाउने र सरकार बनाउने वा भत्काउने हैसियत राख्छ ।'लाइक वार : वेपनाइजेशन अफ सोसल मिडिया' नामक पुस्तकले सामाजिक सञ्जाल अबको राजनीतिक हतियार भएको तर्क गर्छ । अपार सफलतासाथ अहिले चलिरहेको चलचित्र 'दिमाग खराब'ले पनि यस तथ्यलाई समेत झल्काएको छ ।

**अल्झिएका तथ्य**

एमाले पार्टी केही कमजोर भएको अवश्य हो । गएको निर्वाचनमा उसले पाएको जम्मा सिट घट्यो । मिसन ग्रासरूटमा भएको सदस्यता नवीकरणको संख्या पनि निराशाजनक देखियो । उपनिर्वाचनमा एक जना पनि सदस्य विजयी नभएको अवस्था छ । तर के एउटा व्यक्तिसँग नै यसरी थुरथुर हुनुपर्ने गरी खण्डहर भएको छ र ?

हिजो व्यवस्थाका विरुद्ध, आम सत्ता र सामन्तवादका विरुद्ध लडेको एमाले व्यक्तिका विरुद्धमा किन छ ? अनि अहिलेको सत्ताकै विरुद्ध लड्ने दुहाई दिने व्यक्तिका विरुद्ध लड्दा सत्ताको समर्थन गरेको ठहरिदैन र ? अवाञ्छित र बाह्रय यौनजन्य गतिविधिका सामग्रीको सहारा र त्यसलाई सार्वजनिक गरी एकअर्कालाई खुइल्याउन वा राजनीतिक तथा सामाजिक प्रतिष्ठा ध्वंस गर्ने प्रचलन अहिलेको राजनीतिको सबैभन्दा बलियो हतियार भएको छ । हुँदाहुँदा एमाले र दुर्गा प्रसाईं एकअर्कालाई यही गर्ने भन्दै वाक्युद्धमा तल्लीन छन् । हालसालै लेखक हेलेन थोम्पसनले 'डिसअर्डर : हार्ड टाइम्स फर ट्वान्टीफस्ट सेन्चुरी' पुस्तक लेखे । उनका अनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र लोकतान्त्रिक निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमा नै छौं जस्तो देखिन्छ । सिंगापुर र स्विट्जर ल्याण्ड बनाउने भन्ने नेताहरूले नेपाललाई दक्षिणएशियाकै गरिब देश बनाइसकेछन् । एउटा राजनीतिक दलको चिन्ता त यतातिर हुनुपर्ने होला । तर अहंकार र आधारहीन एउटा गर्जन किन उसको प्रधान शत्रु देखिँदैछ ? दुर्गा प्रसाईं बलियो भएर एमाले बराबर अथवा एउटा राष्ट्रिय पार्टी, देशको प्रमुख प्रतिपक्ष, 'गभर्मेन्ट इन वेटिङ' बराबर भएको हो कि एमाले चाहिं खस्किएर दुर्गा प्रसाईं अथवा एउटा व्यक्ति र उसको सानोतिनो कम्पनी लिमिटेड बराबरमा झरेको हो ? निर्मम समीक्षाको घडी आएको छ ।

यदि एमालेले साँच्चै केही गल्ती-कमजोरी गरेको छैन, दुर्गा प्रसाईंले भनेका कतिपय आरोपहरूमा एमाले सम्मिलित छैन भने देशका मुख्य विषयमा चाहिं उसको ध्यान जाओस् । देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहोदामा बसेको मानिसले भन्दा उसप्रति किन विश्वास जाग्दैन ?

देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर किन आउँछ ? सेवाप्रवाह र सेवाग्राही माथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको किन छ ? उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौं, कसरी यसलाई सबल बनाउने ? एमाले जत्तिको पार्टीको ध्यान यी कमजोरी ठेगान लगाउन हुनुपर्छ कि दुर्गा प्रसाईंसँग टकराव र कुस्ताकुस्ती गर्न ?

प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो । भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो । रेशमीमार्ग मार्फत नेपालले विश्वलाई जोडेको थियो । प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो । केही दशक अगाडि हामी लगभग अधिकांश कुरामा आत्मनिर्भर थियौं । आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थचरित्र भएको देशमा परिणत भएका छौं । हामी पैसाले पैसा कमाउने दलाल पूँजीवाद अथवा वित्तीय पूँजीवादको दुष्चक्रमा फसेका छौं । यसबाट कसरी उम्कने ? एमाले पार्टीको चिन्ता त यी विषयमा हुनुपर्ला नि, हैन र ? दुर्गा प्रसाईं नामको एक व्यक्तिले गर्दा सिंगो पार्टी हल्लिनुपर्ने ठाउँमा आइपुगेपछि अब एमालेले कहिले देशका यी जल्दाबल्दा समस्याको बारेमा दिमाग खियाउने ? शत्रुलाई कमजोर नसम्झनु भन्ने कुरा त राजनीतिक प्रशिक्षणको बेला आम नेता तथा कार्यकर्तालाई भनिएको होला । तर झिंगाको शिकार गर्नु परेमा पनि मेसिनगन र आधुनिक आणविक हातहतियार नै बोकेर जानुपर्ने त होइन होला !

हुन त विदेश भ्रमणमा जानुपर्ने कार्यक्रम भएका विश्वविद्यालयका एक जना उपकुलपतिलाई तत्काल भ्रमण नगर्नु भन्न नसकेर स्वयं कुलपतिले आफ्नो कार्यालयमा बोलाएर बन्धक बनाई समय गुजारिदिएको नजिर भएको पार्टी पनि हो एमाले । तर बाघले स्यालसँग मैदानमा उत्रिएर बाघको बहादुरी झल्कन्छ कि झल्कँदैन, यो बहसको अर्को पाटो बन्नुपर्छ । यो पंक्तिकार दुर्गा प्रसाईंको पक्षपोषणमा कदापि छैन, उनी बलियो बनून् भन्ने चाहँदैन । उनको अहंकार र अभिमानले देशमा अर्को द्वन्द्व सिर्जना गर्न सक्छ भन्नेमा सजग छ । यद्यपि एमाले यति कमजोर भएकोमा अथाह दु:खित छ । लोकतान्त्रिक व्यवस्थामा दलहरू कमजोर हुनु समग्र प्रणालीमाथिको खतराको घण्टी हो । एमाले एक सशक्त दल बनोस् । दुर्गा प्रसाईंको विरोधलाई उपलब्धि मान्ने हैन, करोडौं जनताको पक्षमा काम गर्ने लोकतान्त्रिक शक्ति बनोस् । कमजोर नदेखियोस् र नबनोस् । *साभार: अनलाइनखबर*

# ‘कार्साङ’मा भित्रिइन् शिल्पा



यम शेर्पाको डेब्यू निर्देशनमा तयार हुन लागेको फिल्म ‘कार्साङ’मा अभिनेत्री शिल्पा मास्के मुख्य भूमिकामा अनुबन्धित भएकी छन् । उनीसँग निर्माण टिमले यसै साता सम्झौता गरेको हो । गत असारमा उनी अभिनीत फिल्म ‘परस्त्री’ प्रदर्शनमा आएको थियो भने तिहार अघि फिल्म ‘रङ्गेली’को एक गीतमा नृत्य गरेकी थिइन् । प्राय: हरेक फिल्ममा उनको अभिनयको प्रशंसा हुँदै आइरहेको छ ।

फिल्ममा यसअघि दयाहाङ राई, सुरक्षा पन्त, बुद्धि तामाङ र नव-कलाकार छिरिङ शेर्पा पनि फाइनल भैसकेका छन् । शिल्पाको प्रवेशसँगै फिल्ममा अब तीनजना नायिका हुने भएका छन् । पुरुषोत्तम प्रधानको छायांकन रहने फिल्मको मंसिरको दोस्रो हप्ताबाट सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका र भोटेकोसी गाउँपालिका विभिन्न स्थानमा छायाकंन हुने निर्देशक शेर्पाले जानकारी दिए । फिल्ममा निर्देशक शेर्पा स्वयंको कथा, पटकथा तथा संवाद लेखन छ । ‘कार्साङ’ शेर्पा जातिको सामाजिक कथावस्तुमा निर्माण हुने जनाइएको छ । यार्सा फिल्म्स्को व्यानरमा निर्माण हुन लागेको फिल्मको ओभरसिज राइट्स छायाकंन अगावै बिक्री भैसकेको छ । फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा सेभेन सिज इन्टरटेनमेन्टले रिलिज गर्दैछ भने नेपालमा वितरण अधिकार आरआर फिल्मससँग छ ।

# सडक पूर्वाधार निर्माण एवं लगानीबारे चेम्बर र चिनियाँ राजदूतबीच छलफल



काठमाडौं / नेपाल चेम्बर अफ कमर्सले सीमामा सुविधा सम्पन्न सडक पूर्वाधार निर्माण गरेर व्यापार सहजीकरणका लागि चिनियाँ राजदूत समक्ष आग्रह गरेको छ । मुख्य व्यापारिक साझेदार चीनसंगको सीमामा सुविधासम्पन्न सडक पूर्वाधार निर्माण गरेर व्यापार सहजीकरणका लागि चेम्बरले आग्रह गरेको हो ।

काठमाडौंको जमलस्थित भवनमा चेम्बर अध्यक्ष राजेन्द्र मल्ल सहित पदाधिकारी र नेपालका लागि चिनियाँ राजदूत छन सोङ्गबीच दुई मुलुकको व्यापार, लगानी, एवं पर्यटन क्षेत्रमा सहकार्य गर्ने सम्वन्धमा छलफल भएको हो ।

राजदूत सोङ्गसंगको भेटवार्तामा अध्यक्ष मल्लले भने, चीन नेपालको मुख्य व्यापारिक साझेदारी राष्ट्र हो, दुई देशको सीमामा सुविधा सम्पन्न सडक पूर्वाधार निर्माण गरेर व्यापार सहजीकरण गर्न आवश्यक छ, केरुङ सडक निर्माणका लागि पहल गर्न पनि आग्रह गर्दछु, । '

चीनसंग व्यापार खाडल उच्च रहेको भन्दै अध्यक्ष मल्लले नेपाली बस्तुको निर्यात वृद्धिका लागि पहल गर्न समेत आग्रह गरे । नेपालले चीनबाट वार्षिक २ खर्व २२ अर्व रुपैयाँ बराबरको आयात गर्दा निर्यात भने १ अर्व ७६ करोड रुपैयाँ हाराहारीमा गर्दै आएको छ ।

नेपालको जलविद्युत, पर्यटन एवं सूचना प्रविधिको क्षेत्रका लगानी गर्न अध्यक्ष मल्लले राजदूत सोङ्गसंग आग्रह गरे । दुई मुलुकबीच व्यापार एवं लगानीका साथै सांस्कृतिक आदान प्रदान गरेर पर्यटन गतिविधी बढाउन समेत उनले आग्रह गरे ।

चेम्बर पदाधिकारीसंगको भेटवार्ताका क्रममा राजदूत सोङले नेपाल आफ्नो उच्च प्राथमिकतामा रहेको बताए । नेपालको आर्थिक विकास र समृद्धिका लागि राज्यको नीति स्थिर हुनुपर्ने र यसका लागि निजी क्षेत्रले पनि पहल गर्नुपर्ने उनको भनाई छ ।

नेपाल जलविद्युतमा आत्मनिर्भर हुने क्रममा रहेको भन्दै राजदूत सोङले विद्युतीय सवारी साधनहरुलाई उच्च प्राथमिकतामा राखेर इन्धनको आयातबाट हुने व्यापार घाटा कम गर्न सुझाव दिए । नेपालको पर्यटन क्षेत्रमा अथाह सम्भावना रहेको भन्दै उनले यसलाई उद्योगको रुपमा विकास गर्नुपर्नेमा जोड दिए ।

# चाडपर्व बिदामा चितवन निकुञ्ज घुम्नेको भिड

## सौराहाका होटलमा कोठा पाउनै मुस्किल




चितवन/कुनै समय थियो, खैरो कपाल र सेतो छाला भएका मानिसलाई मात्रै पर्यटक मानिन्थ्यो । पछिल्लो समय नेपालीको घुम्ने संस्कार विकास भएसँगै चाडपर्वको समयमा पर्यटकीय गन्तव्यमा नेपाली पर्यटककै घुइँचो लाग्ने गरेको छ ।

शनिबार, सार्वजनिक बिदा र चाडपर्वको समयमा पर्यटकीय गन्तव्यमा उल्लेख्य आन्तरिक पर्यटक आउने गरेका व्यवसायीले बताएका छन् । दसैं, तिहार र छठ पर्वको समयमा यहाँका प्राय: सबै पर्यटकीय गन्तव्य आन्तरिक पर्यटकले भरिएका थिए । पर्वका अवसरमा धार्मिक पर्यटकीयस्थलसँगै प्राकृतिक सौन्दर्यस्थलमा पनि पर्यटकको उस्तै घुइँचो थियो ।

दसैंदेखि छठसम्म जिल्ला र वरपरका पर्यटकीय गन्तव्य आन्तरिक र बाह्य पर्यटकले भरि भराउ भएका थिए । मनकामना दर्शनका लागि गत शुक्रबार साँझ मन्दिर पुगेका धेरैले सुत्ने कोठा पाएनन् । मन्दिरको दर्शनका लागि पुगेका पत्रकार प्रकाशमणि ज्ञवालीका अनुसार मन्दिरका पेटी, होटलका वरण्डामा समेत कतिपयले रात बिताउनुपरेको थियो ।

होटल सञ्चालकले आफूले प्रयोग गर्ने कोठा पनि पाहुनालाई दिएको उनको भनाइ थियो । ज्ञवालीले त्यसरात मन्दिर क्षेत्रमा दुई हजारभन्दा बढी मानिसले मन्दिर का पेटी, होटलका वरण्डामा दु:खसुख गरेर रात बिताएका बताए ।

गत शनिबार १० हजार ५२ जनाले केबलकार यात्रा गरेका मनकामना दर्शन प्रालिका नायक महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिए । उनका अनुसार बिहान ६ बजेदेखि राति १० बजेसम्म केबलकार चलाउनुपरेको थियो । यसका अतिरिक्त गाडी, मोटरसाइकल र पैदल यात्रा गरेर पनि मनकामना दर्शनका लागि पर्यटक मन्दिर पुगेका थिए ।

‘केबलकार सुरु भएयताकै यो संख्या धेरैमध्येको एक पर्दछ । यसअघि गत वैशाख १ गते केबलकार चढ्नेको संख्या १० हजार नाघेको थियो’, शेरचनले भने, ‘केबलकार यात्रा गर्ने धेरै भारतीय हुने भए पनि गत शनिबारको संख्यामा तीन सय ९१ भारतीय थिए, बाँकी सबै नेपाली थिए ।’

चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत सौराहामा पनि तिहारको समयमा पर्यटकले कोठा पाउन नसकेका क्षेत्रीय होटल सैका महासचिव गुणराज थपलियाले बताए । उनका अनुसार गत बिहीबार र शुक्रबार कोठा पाउन नसकेर कतिपय आन्तरिक पर्यटक फर्किनुपरेको थियो ।

हात्ती, डुङ्गा र जीप चढ्नका लागि दसैंयतादेखि धेरैले समय नपाएका थपलियाको भनाइ थियो । निकुञ्ज प्रवेशका लागि टिकट लिन बिहान ४ बजेदेखि लाइन बस्नुपरेको उनले बताए ।

‘निकुञ्जले त्यहाँ दुई जना कर्मचारी मात्रै राख्दा पर्यटकलाई प्रवेश टिकट लिन घण्टौं लाइन बस्नुपर्ने अवस्था बन्यो’, थपलियाले भने, ‘चाडपर्वमा सात वर्ष यताको सबैभन्दा धेरै पर्यटक यस वर्ष आएका छन् । चाडपर्वमा आएका धेरै पर्यटक आन्तरिक छन् ।’ उनका अनुसार ५० प्रतिशतभन्दा बढी आन्तरिक पर्यटक छन् ।

पश्चिम चितवनको पटिहानी र जगतपुर क्षेत्रका होटल पर्यटकले भरिएका छन् । होटल जंगल भिल्लाका सञ्चालक गणेश पौडेलका अनुसार अक्टोबरयता पर्यटक आगमन राम्रो छ । उनका अनुसार त्यसमा पनि चाडपर्वका समयमा आन्तरिक पर्यटक बढ्ने भएकाले होटल भरिने गरेका छन् ।

चाडपर्वसँगै मौलाकालिका मन्दिरमा भक्तजनको घुइँचो लाग्ने गरेको स्थानीय बताउँछन् । केबलकार सञ्चालनमा आएपछि मन्दिर दर्शनका लागि आउनेको संख्या विगतकोभन्दा बढेको मौलाकालिका धार्मिक सेवा समितिका अध्यक्ष शालिग्राम सापकोटाले बताए ।

उनका अनुसार दसैंको समयमा दैनिक चार हजार भक्तजन मन्दिर पुगेका थिए । तिहारमा यो संख्या तीन हजार हाराहारी थियो । यो संख्या विगतको तुलनामा २५ प्रतिशत बढी भएको सापकोटाले जानकारी दिए ।

मौलाकाली केबलकार प्रालिका स्टेशन म्यानेजर सुरज पौडेलका अनुसार केबलकार सञ्चालनमा आएसँगै भक्तजनको संख्या बढेको हो । ज्येष्ठ र अशक्तसमेत केबलकार चढेर सहजरुपमा मन्दिर जाने गरेका छन् । दिउँसोको समयमा मन्दिर पुग्नेहरु अधिकांश केबलकारबाटै जाने गरेका पौडेलले बताए । अरुबेलाको तुलनामा चाडपर्वको समयमा यात्रु निकै बढेको उनको भनाइ छ ।

चाडपर्वको समयमा लाग्ने मेला, जात्राले पनि पर्यटकीय चहलपहल बढाएको छ । नारायणी नदी किनारमा आइतबार छठ पर्वका लागि हजारौंको संख्यामा भक्तजनसँगै पूजा हेर्नेहरुको भिड लागेको थियो । तराई सामुदायिक सेवा समितिका सल्लाहकार राजकुमार गुप्ताले ३० हजारभन्दा बढीले छठ पर्व मनाउनुका साथै अवलोकन गरेको बताए । ‘एक हजारले पूजा गरे भने ३० हजारभन्दा बढीले अवलोकन गरेका छन्’, उनले भने ।

नारायणी नदी किनार व्यवस्थित बनेपछि छठको पूजा गर्ने र हेर्नेको घुइँचो लागेको थियो । छठका लागि नदी किनारलाई व्यवस्थित गरिएको जनाउँदै नदी किनार व्यवस्थित भएसँगै छठ मनाउन आउनेको संख्या निकै बढेको भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले बताइन् ।

विगत तीन वर्षअघिसम्म छठ पर्वमा सामान्य मानिस आउने गरेकामा व्यवस्थित भएसँगै संख्या निकै बढेको दाहालको भनाइ थियो । ‘छठ पर्व हेर्न जाँदै गर्दा निकै रौनकता पाएँ । यस्ता परम्परागत चाडपर्वको प्रवर्द्धन गरेर पर्यटनसँग जोड्नुपर्छ’ उनले भनिन् ।

चाडपर्व सुरु भएसँगै चौकीडाँडा, उपरदाङगढी, गोलाघाट, बीसहजार ताल, देवघाट, गणेशधामलगायतका यहाँका पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढेको छ । मुख्यरुपमा बिदाको दिनमा पारिवारिकरुपमा घुम्न जानेको संख्या बढी हुने पर्यटन व्यवसायीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# पर्यटनमा उत्साह थपिँदै, पर्यटकसँगै बढ्यो आम्दानी



काठमाडौं/गत शुक्रबार र शनिबार पदयात्राका लागि घान्द्रुक र सिक्लेस पुगेका पर्यटकको व्यवस्थापन गर्न पर्यटन व्यवसायीलाई हम्मेहम्मे पर्यो । एकैदिन दुई हजार भन्दा बढी आन्तरिक र बाह्य पर्यटक पुगेपछि उनीहरुलाई सुताउन र खाना खुवाउन व्यवसायीहरु २४ सै घण्टा व्यस्त भएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष बिक्रम गुरुङले बताए ।

अन्नपूर्ण क्षेत्र पनि यतिबेला चलायमान बनेको छ । त्यस क्षेत्रमा कात्तिकयता २४ हजार पर्यटक पुगेका छन् । पर्यटकको संख्या अत्यधिक हुँदा लामो समयपछि पदमार्गमा आश्रित पर्यटन व्यवसायीको व्यस्तता पनि बढेको छ । यसरी घुम्न आउनेमा दक्षिण एसियाली मुलुकका सात हजार चार सय ७९ र अन्य १६ हजार नौ सय ३० पर्यटक छन् । अन्नपूर्ण संरक्षण क्षेत्र ‘एक्याप’का प्रमुख डा. रविन कडरियाका अनुसार २०८० साल सुरु भएयता वैशाख र असोजपछि कात्तिकमा सबैभन्दा बढी पर्यटक ‘एक्याप’ पुगेका छन् ।

दसैं र तिहार मनाएर पहाड र हिमाल छिचोल्दै रम्नेहरुको संख्या पछिल्लो समय बढ्न थालेको छ । कुनै समय अधिक मात्रामा विदेशी पर्यटकहरु ‘ब्यागप्याक’ बोकेर हिमाल हेर्न पुग्ने गरेको भए पनि पछिल्लो समय आन्तरिक पर्यटकहरुको चहलपहलले त्यस्ता क्षेत्रमा पर्यटनको सम्भावना बढाएको छ । तिहार लगत्तै पर्यटकीय नगरी पोखरा पनि पर्यटकले भरिएको छ । काठमाडौं-पोखरा रुटमा एयरलाइन्सको टिकट पाउन मुस्किल छ ।

बंगलादेश, भियतनाम, चीन र भारतलगायत मुलुकबाट विमान चार्टर्ड गरी पर्यटक आउने क्रम बढेकाले कोरोना महामारीपछि मुलुकको पर्यटन क्षेत्रमा उत्साह थपिएको जानकारहरु बताउँछन् । नेपालको पर्यटन क्षेत्रबारे पछिल्लो समय अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चर्चा हुन थालेको, विशिष्ट पाहुनाको नेपाल भ्रमण, अन्तर्राष्ट्रिय सभा तथा सम्मेलनले पनि नेपालको पर्यटन क्षेत्रमा थप टेवा पुगेको छ ।

तनहुँको मानुङकोट र बन्दीपुरमा पर्यटकको संख्या बढ्दा त्यस क्षेत्रको आर्थिक गतिविधि बढेको छ भने यसले व्यवसायीको सक्रियता पनि बढाएको छ । मानुङकोटमा अहिले दैनिक एक हजारभन्दा बढी पर्यटक पुगेका छन् भने बन्दीपुरमा पछिल्लो समय २६ वटा देशका पर्यटक भित्रिँदा होटल भरिभराउ भएका छन् ।

उसो त यो याम नेपालको पर्यटन क्षेत्रका लागि अनुकुल मानिन्छ । दसैं, तिहार र छठ पर्वको माहोलले पर्यटकीय गतिविधि पनि बढाएको छ । यसबाट मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने व्यवसायीको बुझाइ छ ।

होटल सै नेपाल (हान) का अध्यक्ष विनायक शाहले समग्ररुपमा पर्यटन क्षेत्र उत्साहजनक रहेको बताए । ‘पर्यटन क्षेत्रमा चहलपहल बढेको छ । पर्यटक आगमनको आँकडा पनि उत्साहवर्द्धक छ, योभन्दा धेरै पर्यटकलाई सेवा दिन पूर्वाधार तयार भइसकेको छ’, उनले भने ।

पछिल्लो समय होटलका रुमको संख्या बढेका छन् । तारे होटल, केबलकारलगायतका पूर्वाधारमा खर्बौं लगानी भएका छन् । यद्यपि पर्यटन क्षेत्रमा भएको लगानीको तुलनामा पर्यटकीय गतिविधि कम भएको अध्यक्ष शाहको भनाइ छ । उनले भने, ‘पर्यटकीय पूर्वाधारमा लगानी धेरै भइसक्यो । लगानीको प्रतिफलका लागि व्यापार चाहिन्छ, छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी पर्यटक ल्याउन नीतिगत र संरचनागत सुधार जरुरी छ ।’

पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएका छन् भने चिनियाँ र भारतीय पर्यटक बढाउन नीतिगत र योजनागत कार्यक्रम आवश्यक भएको अध्यक्ष शाहको भनाइ छ । उनले पर्यटकीय याममा तारे होटलमा चहलपहल बढे पनि साना होटलको व्यवसाय भने अझै फष्टाउन नसकेको उल्लेख गरे ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन भइसकेको र अबका दिनमा धेरैभन्दा धेरै विदेशी पर्यटक आकर्षण गर्न थप दुई अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन हुनुपर्ने, गन्तव्य पुग्ने सडक स्तरोन्नति गरि नुपर्नेमा व्यवसायीको जोड छ ।

**बढे पर्यटक, बढ्यो आम्दानी**

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ जनवरीदेखि अक्टोबरसम्म आठ लाख भन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अक्टोबरमा मात्रै हवाईमार्ग भएर एक लाख १७ हजार तीन सय छ पर्यटकले नेपाल भ्रमण गरेका छन् । सन् २०२२ को सोही अवधिमा ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल भित्रिएका थिए भने सन् २०१९ को सोही अवधिमा एक लाख १३ हजार आठ सय १६ पर्यटक नेपाल आएका थिए ।

बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्लो पर्यटक आँकडा हेर्दा मुलुकको पर्यटन पुरानै लयमा फर्किएको बताए । उनले पर्यटन क्षेत्रमा सकारात्मक बढोत्तरीले आगामी दिनमा यो क्षेत्रमा उत्साह थपिने विश्वास व्यक्त गरे ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष नवराज दाहालले कोभिड महामारीपछि पर्यटन क्षेत्र करिब पुरानै लयमा फर्किएको बताए । ‘समग्रमा पर्यटन क्षेत्र सुधारोन्मुख छ । खड्किएको विषय भनेको गन्तव्य पुग्ने सडक बाटोको दूरावस्था, पदयात्रा क्षेत्रमा देखिएको बेथितिजन्य गतिविधिले पर्यटकको बसाई सन्तोषजनक बनाउन सकिएको छैन’, उनले भने ।

पर्यटन व्यवसायी दाहालले आगामी दिनमा बढीभन्दा बढी पर्यटक आकर्षण गर्न पूर्वाधार विकास, सडक स्तरोन्नति, नीगिगत सुधार, एकद्वार प्रणालीबाट सेवा प्रवाहजस्ता कामलाई प्राथमिकता दिन जरुरी भएको उल्लेख गरे ।

नेपाल पर्वतारोहण सैका महासचिव मोहन लम्सालले मुलुकको पर्यटन क्षेत्र चलायमान बन्दै गएको उल्लेख गरे । उनले पर्यटक आगमन बढाउन र सेवा सहजीकरणका लागि नीतिगत सुधारका काम जरुरी भएको पनि बताए । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको तीन महिनामा विदेशी पर्यटक आगमनबाट हुने आम्दानी बढेको छ । गत आवको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा आम्दानी ५१ दशमलव तीन प्रतिशतले बढेर १७ अर्ब दुई करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ११ अर्ब २४ करोड रुपैयाँ थियो ।

संयुक्त राष्ट्रसैका महासचिव एन्टोनियो गुटेरेसले हालै गरेको नेपाल भ्रमणले विश्वबजार मा सकारात्मक सन्देश प्रवाह भएको छ । चारदिने गुटरेसको नेपाल भ्रमणका दौरानमा नेपालका प्रख्यात पर्यटकीय गन्तव्यको भ्रमणले नेपालको पर्यटन विश्वबजारमा प्रवद्धन भएको व्यवसायीको बुझाइ छ ।

महासचिव गुटेरेसले चर्चित सगरमाथा क्षेत्र, अन्नपूर्ण आधार शिविर, पर्यटकीय नगरी पोखरा, प्रसिद्ध भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी तथा ऐतिहासिक एवं पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको अवलोकन गर्दै उत्सुकतापूर्वक जानकारी लिएका थिए । महासचिव गुटेरेसको गतिविधि संसारभरका सञ्चारमाध्यमले सम्प्रेषण गर्ने भएकाले उक्त भ्रमणले नेपाल गन्तव्यको प्रभावकारी पर्यटन प्रवर्द्धन भएको र यसबाट बढीभन्दा बढी विदेशी पर्यटकको नेपाल आगमन हुने पर्यटन व्यवसायीको विश्वास छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारतबाट लिटरमै ७ रुपैयाँ घटेर आउँदा पनि आयल निगमले घटाएन डिजलको मूल्य

काठमाडौं/तिहारको भाइटीकाको दिन २९ कात्तिकमा भारतीय आयल कर्पोरेसनले नेपाल आयल निगमलाई इन्धनको नयाँ मूल्य सूची पठायो ।

निगम स्रोतका अनुसार यस पटक डिजलको मूल्य लिटरमै ७ रुपैयाँ हाराहारीले घटेर आएको छ । पेट्रोल, मट्टीतेल, हवाई इन्धनको मूल्य पनि केही मात्रामा घटेको छ ।

नेपाल भारत पेट्रोलियम व्यापार सम्झौताअनुसार भारतीय कम्पनी इन्डियन आयल कर्पोरेसन (आईओसी) ले हरेक अंग्रेजी महिनाको १ र १५ तारिखमा इन्धनको नयाँ मूल्य आयल निगमलाई पठाउँछ । खाना पकाउने ग्याँसको मूल्य भने हरेक महिनाको १ तारिखमा पठाउँछ ।

भारतबाट आएको नयाँ मूल्यका आधारमा निगमले स्वचालित मूल्य प्रणाली कार्यविधि २०७९ अनुसार त्यसै दिन वा भोलिपल्टदेखि लागू हुने गरी नेपालभर इन्धनको उपभोक्ता मूल्य निर्धारण गर्छ ।

तर यसपटक भारतबाट नयाँ मूल्य आएको ५ दिन बित्दा पनि निगमले मूल्य समायोजन गरेको छैन । भारतबाट इन्धनको मूल्य घटेर आएको बिक्रेताले पनि थाहा पाइसकेका छन् । त्यसैले निगमले जुनसुकै बेला मूल्य घटाउन सक्ने आशंका गर्दै उनीहरु थोरै मात्रामा इन्धन खरिद गरेर बिक्री गरिरहेका छन् । जसका कारण कैलाली, पोखरा, धादिङ, नुवाकोट लगायतका क्षेत्रमा इन्धनको आंशिक अभाव देखिएको छ । मूल्य समायोजन नहुँदा उपभोक्ता भने महँगोमा मूल्यमा इन्धन खरिद गर्न बाध्य छन् ।

आयल निगमको तालुक मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्हालिरहेका मन्त्री रमेश रिजालले मूल्य समायोजनबारे निगमको तयारीबारे आफूलाई जानकारी नभएको बताए । तिहार बिदाका कारण आफू उपत्यका बाहिर रहेको भन्दै मन्त्री रिजालले भने, ‘घट्यो होला भनेको घटेको रहेनछ । म अब बुझ्छु ।’

**कालोबजारीको जोखिम**

इन्धनको मूल्य भारतबाट घटेर आएको सूचना इन्धन बिक्रेताले भोलिपल्टै पाउँछन् । भारतबाट इन्धन ढुवानी गर्ने ट्यांकर व्यवसायीले इन्धन खरिद गर्दाको बिल पाएपछि मूल्य घटेको सूचना उनीहरुसम्म पुग्छ ।

त्यसैले नयाँ मूल्यसूची पाएको केही एकदिन भित्रै निगमले उपभोक्ता मूल्य निर्धारण गर्न नसके इन्धन बिक्री गर्ने व्यवसायीले व्यक्तिगत लाभ लिनसक्ने उच्च जोखिम रहन्छ ।

यही जोखिम कम गर्न भन्दै निगमले गत भदौदेखि नयाँ मूल्य सूची प्राप्त भएको साँझ नै मूल्य समायोजन गर्दै आएको थियो । तर, यसपटक नयाँ मूल्य आएको एक साता पुग्नै लाग्दा पनि निगम चुपचाप बस्नु गम्भीर रहेको उपभोक्ता अधिकारकर्मी बताउँछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# शिक्षकको देउसीभैलोको रकम भूकम्पपीडितलाई



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ शिक्षकहरुको हकहितको लागि स्थापना भएको नेपाल शिक्षक संघले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई रकम सहयोग गरेको छ ।

नेपाल शिक्षक संघ मकवानपुरले देउसीभैलोबाट संकलित रकम जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई सहयोग गरेको हो । संघ मकवानपुरले कार्तिक २७ गते आयोजना गरेको देउसीभैलोबाट संकलित ६० हजार १७० रुपैयाँ जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई सहयोग गरेको हो । संघले प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषअन्तर्गत पुतलिसडक काठमाडौंस्थित राष्ट्रिय वाणिज्य बैंकको खातामार्फत रकम सहयोग गरेको संघ मकवानपुर सचिव श्रीराम लुईटेलले जनाएका छन् ।

सोमबार दिउँसो नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाई नेतृत्वको टोलीले मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईलाई कोषमा जम्मा गरेको रकमको बैंक भौचर बुझाएको हो । नेपाल शिक्षक संघ मकवानपुरले देउसीभैलो कार्यक्रमको आयोजना गरेर भूकम्पपीडितलाई सहयोग पुगोस भन्दै रकम नेपाल सरकार मार्फत सहयोग गरिएको संघका मकवानपुर अध्यक्ष हुमागाईले बताएका छन् । उनले विपद र विपदबाट उत्पन्न हुने समस्यामा सहयोग गर्न शिक्षक संघ सँधै तयार रहेको बताएका छन् ।

# छठ पर्वको समापन



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१ राप्तीतटमा सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर यसवर्षको छठ पर्वको समापन गरिएको छ ।

हेटौंडाको राप्तीतटमा आइतबार अस्ताउँदो सूर्यलाई पूजा गरेका भक्तजनले सोमबार बिहानै उदाउँदो सूर्यलाई पूजा गरेर यसको समापन गरेका हुन् । सूर्यको आराधना गरेर मनाइने यो पर्व लक्ष्मीपूजाको चार दिनपछि अर्थात् कार्तिक शुक्लपक्षको चौथी तिथिका दिनदेखि विधिवत् सुरु हुन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वका रुपमा मनाउने छठ हेटौंडामा बस्ने भोजपुरी र मैथलीभाषि हिन्दु समुदायको मुख्य पर्व हो । सूर्य र जलको शक्ति तथा महत्व झल्काउने यस पर्वमा सफा र चोखो हुनुपर्ने तथा शुद्ध खानेकुरा खानुपर्ने मान्यता छ । नेपालमा पहिला तराईक्षेत्रमा सीमित यो पर्व केही वर्षदेखि हेटौंडामा पनि मनाउन थालिएको छ ।

# मकवानपुरमा चार महिनाभित्र ७६० डेंगु संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ मकवानपुरमा साउनदेखि कात्तिकसम्म चार महिनाको अवधिमा डेंगुबाट संक्रमित हुनेको संख्या साढे ७ सय कटेको छ । साउन र भदौमा बढी संक्रमित फेला परेका थिए ।

असोज र कात्तिकमा डेंगु संक्रमित निरन्तर घट्दो क्रममा थिए । गत साउन १ गतेदेखि हालसम्म डेंगु संक्रमितको संख्या ७ सय ६० पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

कुल संक्रमितमध्ये जिल्लामा ३ सय ८८ जना पुरुषलाई डेंगु संक्रमण हुदाँ ३ सय ७२ जना महिलामा संक्रमण भएको छ । जिल्लाका डेंगु संक्रमितमध्ये सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिमा ५ सय २६ जनामा संक्रमण पुष्टि भएको




स्वास्थ्य कार्यालयले जनाएको छ ।

यसैगरी थाहा नगरपालिकामा ३ जनामा, मकवानपुरगढी गाउँपालिकामा २० जनामा, बागमती गाउँपालिकामा २४ जनामा, मनहरी गाउँपालिकामा ६८ जनामा, इन्द्रसरोवर गाउँपालिकामा ४ जनामा, भीमफेदी गाउँपालिकामा ३७ जनामा, बकैया गाउँपालिकामा २५ जनामा र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगु संक्रमण पुष्टि भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

कैलाश गाउँपालिकामा भने डेंगु संक्रमितको बिरामी फेला नपरेको मकवानपुर स्वास्थ्य कार्यालय जनाएको छ । मकवानपुरमा यो अवधीमा अन्य जिल्लाका ११ जनामा संक्रमण पुष्टि भएको छ । हालसम्म मकवानपुरमा डेंगु संक्रमणका कारण एक जनाको मृत्यु भएको छ ।

# मनहरीमा कारको ठक्करबाट बालिका घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका-७ बिजौनामा कारको ठक्करबाट सोमबार एक बालिका घाइते भएकी छिन् ।

कारको ठक्करबाट स्थानीय पूर्णसिंह वाईवाको ६ बर्षीया छोरी सिवांगी वाईवा घाइते भएकी हुन् । हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको बा १५ च ८५०८ नं. को कारले वाईबालाई बाटो क्रस गर्ने क्रममा ठक्कर दिँदा टाउकोलगायत शरीरको विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ ।

उनलाई तत्काल उद्दार गरी मनहरी अस्पतालमा लगिएकोमा थप उपचारको लागि भतपुरतर्फ रिफर गरिएको प्रहरीले जनाएको छ । कार र कारचालक प्रहरीको नियन्त्रणमा रहेको छ ।

# त्रिखण्डीमा ठूलो एकादशी मेलाको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ भीमफेदी गाउँपालिकाको भैंसेस्थित प्रसिद्ध आस्थावान् धार्मिकस्थल त्रिखण्डी मन्दिरमा ७ मंसिर बिहीवार हुने ठूलो एकादशी मेलाको तयारी तीव्र पारिएको छ ।

त्रिखण्डीमा मौलिक परम्परा रीतिरिवाजयुक्त चाडपर्व बिगतदेखि लाग्दै आएको छ । बिहीबार हरिबोधनी ठूलो एकादशीका दिन पर्ने मेलामा हजारौं भक्तजन र ब्रतालुको घुँईचो र हुने हुँदा जात्रा/मेला व्यवस्थापन समिति अध्यक्ष प्रकाश रुम्बा, सचिव, संरक्षक तारा थिङलगायत ७ जनाको व्यवस्थापन समिति गठन गरिएको छ ।

जात्राका लागि मन्दिर क्षेत्रको रंगरोगन गरी सरसफाइ र पुल निर्माणको तयारी तीब्रगतिमा



हुदै आएको सेवक लक्ष्मण दाहालले जानकारी गराए ।

एकादशीमा धार्मिक सहिष्णुता, मौलिक धर्मको परिचय, पहिचान शिव मन्दिरपरिसरमा ठूलो एकादशीको मेला हुने हुँदा पुण्य पवित्रको दिन जात्रामेला अवधिमा माछामासु, अण्डा र रक्सीको बिक्री बितरण निषेध गरिनेछ । सो स्थानमा जाने सडक सानो भएको र पार्किङस्थलको पनि अभावमा यो क्षेत्र निकै जोखियुक्त क्षेत्रको रुपमा परिचित छ । जात्रामा झैझगडा र अशान्ति र कुनै मानवीय क्षतिका घटना नघटुन् भनि मादकपदार्थ सेवन नगर्न स्थानीय प्रशासनमार्फत् समन्वय र आवश्यक सहकार्यको लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गरिएको सेवक दाहालले बताए ।

# लेखाका कर्मचारीको सरुवामा सधैं अलमल

काठमाडौं, ४ मंसिर/यो वर्ष पनि लेखा समूहका कर्मचारीहरुको सरुवामा ढिलाइ भएको छ । तोकिएको समयभन्दा करिब २ महिना ढिला हुँदा समेत महालेखा नियन्त्रक कार्यालय लट सरुवाबारे अनिर्णित छ ।

गत वर्षहरुमा पनि महालेखा नियन्त्रक कार्यालयले तोकिएको समयमै कर्मचारीहरुको 'लट' सरुवा गर्न सकेको थिएन । करिब लेखाका ४ सय कर्मचारीहरु सरुवाको प्रतीक्षा छन् । तर, विभिन्न कारण देखाएर महालेखा नियन्त्रक कार्यालयले कर्मचारीहरुको सरुवा गरेको छैन ।

गत वर्ष पनि महालेखाले १७ पुसमा मात्रै कर्मचारीहरुको नियमित लट सरुवा गरेको थियो । सोभन्दा अघिल्लो वर्ष ९ पुसमा यस्तो सरुवा भएको थियो । यो वर्ष पनि महालेखाले तत्कालै कर्मचारीहरुको सरुवा गर्ने छाटकाट देखिएको छैन । लेखा समूहका कर्मचारीको सरुवा व्यवस्थापन महालेखाले नै गर्ने गरेको छ ।

निजामती सेवा नियमावली अनुसार कर्मचारीहरुलाई सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्षको भदौ मसान्तभित्रमा सरुवा गरिसक्नुपर्छ । मन्त्रालय वा मन्त्रालय स्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको असोज १ गतेदेखि असोज १५ गतेभित्रमा सरुवा गर्नुपर्ने नियम छ ।

त्यसकै आधारमा क्षेत्रीय



(प्रदेश) स्तरका निकायहरुले प्रत्येक वर्षको असोज १६ गतेदेखि असोज मसान्तभित्र सरुवाको निर्णय गर्नुपर्ने हुन्छ । तालिकाबाहेकको समयमा सरुवा गर्नु परेमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ ।

देशभरका ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयसहित निवृत्तिभरण व्यवस्थापन कार्यालय र कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयहरुबाट कर्मचारीहरु सरुवा गर्नुपर्नेछ भने विभिन्न संघीय मन्त्रालय र कार्यालयमा लेखामा कार्यरतहरु पनि सरुवाको प्रतिक्षामा छन् । लेखा अन्तरगत हाल करिब ४ हजार कर्मचारी कार्यरत छन् ।

महालेखाले जरुरीबाहेक उपसचिव (प्रमुख लेखा नियन्त्रक र प्रमुख कोष नियन्त्रक) लेखा तथा कोष अधिकृत सहित लेखापालहरुको सरुवा गर्न सकेको छैन । किन कर्मचारीको नियमित सरुवा हुन सकेन त ? महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक तथा सूचना अधिकारी गायत्रीरमण खनाल गत आर्थिक वर्ष २०७९/८०को हिसाब भिडानको काम नसकिएकाले लट सरुवाको ढिलाइ हुन पुगेको बताउँछन् ।

'अब प्रतिवेदनहरु तयार भएर आउन थालेका छन्, हिसाव भिडानको काम सकिएपछि नियमित लट सरुवा हुन्छ,' खनालले भने,'गत वर्षहरुमा पनि यस्तै कारणले केही ढिला गरी सरुवा भएकाले २ वर्षको अवधि पनि पुग्दैछ ।' हिसाब भिडान नगरी कर्मचारी सरुवा गर्दा भविष्यमा लेखासम्बद्ध समस्याहरु बढ्ने भएकाले तोकिएको जिम्मेवारी पुरा गरेपछि मात्रै सरुवा गर्ने योजनामा महालेखा छ ।

'आवश्यक भएको ठाउँमा लेखाका कर्मचारीहरु सरुवा भएर गइरहनु भएको छ, लट सरुवा मात्रै नभएको हो,' सूचना अधिकारी खनालले भने,'अब यस्तो सरुवा गर्न धेरै समय लाग्दैन ।'

महालेखाले सरुवा तथा काज व्यवस्थापन मापदण्डका आधारमा कर्मचारीको सरुवा हुने व्यवस्था गरेको छ । यसअनुसार कार्य प्रकृति, कार्यबोझ, भौगोलिक क्षेत्र, कार्य सञ्चालन, कोष सञ्चालन एवम् व्यवस्थापन, आन्तरिक लेखा परीक्षण केन्द्रीय लेखा सम्बन्धी अनुभव समेत दिलाउने उद्देश्यले सरुवा गर्ने उल्लेख छ ।

*(स्रोतः अनलाइनखबर)*

# माइतीघरदेखि बानेश्वरसम्म निषेधित क्षेत्र घोषणा

काठमाडौं, ४ मंसिर/ जिल्ला प्रशासन कार्यालय, काठमाडौंले माइतीघर मण्डलादेखि बानेश्वरसम्मको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

जिल्ला सुरक्षा समिति, काठमाडौंले गरेको सिफारिसका आधारमा सोमबारदेखि लागू हुने गरी ३० दिनसम्म निषेधित क्षेत्र तोक्ने निर्णय भएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले बताए ।

प्रशासनको निर्णय अनुसार, पद्मोदय मोडदेखि सिंहदरबार पश्चिम गेट, सर्वोच्च अदालत हुँदै माइतीघर मण्डलाको चौरतर्फ निषेधित क्षेत्र घोषणा गरिएको छ । त्यस्तै, माइतीघर मण्डलादेखि बबरमहल, बिजुलीबजार पुल हुँदै नयाँ बानेश्वर चोकसम्म पनि निषेधित क्षेत्र घोषणा गरिएको छ ।

निषेधित क्षेत्र घोषणा भएसँगै यो स्थानमा ५ जनाभन्दा बढी व्यक्ति भेला भएर जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनशन, सभा लगायतका आन्दोलन वा विरोधका कार्यक्रम गर्न पाइने छैन ।

प्रमुख जिल्ला अधिकारी बस्नेतका अनुसार, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम निषेधित क्षेत्र तोक्ने निर्णय भएको हो । यसमा कुनै ठाउँमा हुलदंगा वा अशान्ति भएमा वा हुनसक्ने पर्याप्त आधार देखिए क्षेत्र र समय तोकेर हुलदंगा वा अशान्ति पार्ने उद्देश्यले एकैठाउँमा ५ जनाभन्दा बढी मानिस जम्मा हुन नपाउने आदेश गर्नसक्ने उल्लेख छ ।

युवा संघले र दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानले ७ मंसिरमा माइतीघर मण्डलामा शक्ति प्रदर्शन गर्ने छुट्टा छुट्टै घोषणा गरेका थिए । तर, प्रशासनले दुवै पक्षलाई बोलाएर माइतीघरमा कार्यक्रम गर्न नदिने बताएको थियो । त्यसपछि उनीहरुलाई वैकल्पिक स्थानमा कार्यक्रम गर्न भनिएको छ ।

'माइतीघर मण्डला मात्रै होइन, काठमाडौंका कुनै पनि एउटै स्थान, समय र मितिमा दुई पक्षको कार्यक्रम हुँदैन', प्रजिअ बस्नेतले भने, 'वैकल्पिक स्थानमा कार्यक्रम गर्न भनेका छौं ।'

वैकल्पिक स्थानका रुपमा तीनकुने, खुलामञ्च, नारायण चौर, माछापोखरी, कीर्तिपुर लगायतका क्षेत्रमध्ये एक रोज्न भनिएको छ ।

युवा संघले आफ्नो कार्यक्रमलाई 'मूल्यवृद्धि, भ्रष्टाचार, जातीय सद्भाव र जुनसुकै अराजकता विरुद्ध'को प्रदर्शन भनेको छ । प्रसाईंले नागरिक मुक्ति आन्दोलन भन्दै व्यवस्था बदल्ने प्रदर्शन भनेका छन् । *(स्रोतः अनलाइनखबर)*

# घरदैलोमा रास्वपा मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ निर्वाचनको एक वर्षमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मकवानपुरले जिल्लाका १० वटै स्थानीय तहमा घरदैलो गरेको छ ।

निर्वाचन भएको एकवर्ष पूरा भएको अवसरमा केन्द्रीय निर्देशन बमोजिम मंसिर २ गतेदेखि घरदैलो कार्यक्रमको आयोजना गरेको हो । पार्टीले मङ्सिर २ गतेदेखि मकवानपुरका सबै पालिकामा घरदैलो कार्यक्रम गरेको छ । घर दैलोमा जनताका सुझाव र गुनासो सुन्ने कार्यक्रम थियो । रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले निर्धक्क भएर सल्लाह, सुझाव दिन मतदातालाई अनुरोध गरेका थिए ।

आफूहरुलाई निरन्तर खवरदारी र मार्गनिर्देशन गर्न साथै चुनावको समयमामात्र पाहुना जस्तो गरी भोट माग्दै आउने अघिपछि सहरमा रमाउने नेतालाई भोट दिएर देशको विकास गर्न सम्भव नभएको बताएका छन् ।

राजनीतिक कर्मिले जनताका समस्या समाधान गर्न हर पल हरक्षण जनताको साथमा रहने भन्दै त्यस्ता व्यक्तिबाट मात्र देश विकास हुने बताए । घरदैलो कार्यक्रमा मकवानपुर क्षेत्र नं १ प्रत्यक्षतर्फका उम्मेदवार टाकाराज थापा (सुरेश), क्षेत्र नं २ प्रत्यक्षतर्फका उम्मेदवार भरत पराजुली, समानुपातिक उम्मेदवार सुनीता राई, जिल्ला उपसभापति प्रकाश गौतम, क्षेत्रीय सभापति संजीब पाठक साथै पालिका सभापतिहरु, वडासभापतिलगायत विभिन्न विभागीय जिम्मा पाएका ब्यक्तिको सहभागिता रहेको थियो ।

**जय शिव शम्भो**

**धार्मिक यात्रामा जाने हो ?**

मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ



*(दर्शनीय स्थानहरुः राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोटः रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्कः**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**नवजात शिशुको हक दाबी सम्बन्धी १५ दिने सूचना**

*मितिः २०८०।०८।०५*

मिति २०८०।०७।३० गते साँझ अन्दाजी ६ बजेको समयमा मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ४ हुप्रचौर श्रद्धा टोल स्थित खाली जग्गामा नाम थर वतन नखुलेको सालनाल सहितको जिवित अवस्थामा बेवारिसे नवजात शिशु (बालिका) फेला परेको हुदाँ सो शिशुको बाबुआमा वा नातेदारले आवश्यक प्रमाणसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र हेटौंडा उपमहानगरपालिकाको कार्यालयमा हक दाबीको निवेदन पेश गर्नुहुन मिति २०८०।०८।०४ को स्थानीय बाल अधिकार समितिको निर्णयानुसार बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५५(ख) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**

**कृषि तथा पशु प्रवर्द्धन कार्यक्रमअन्तर्गत डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान वितरण गर्ने सम्बन्धी**

**आवेदन पेश गर्ने सम्बन्धी सूचना**

*(दोश्रो पटक सूचना प्रकाशन मितिः २०८०।०८।०५ गते)*

चालू आर्थिक वर्षको स्वीकृत कृषि तथा पशु प्रवर्द्धन कार्यक्रमअन्तर्गत डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान वितरण गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८०।०६।११ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका उपभोक्ता समूह वा समितिबाट सामुदायिक रुपमा संचालनमा रहेको डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशील बमोजिम शर्तहरुको अधीनमा रही प्रथम पटक मिति २०८०।०६।२३ गते साझाकुरा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा पुनः १५ (पन्ध्र) दिनको म्याद दिई सूचना प्रकाशन गर्ने गरि यस १६ नं.वडा समितिको निर्णय भएकोले पुनः यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

- वडा नं. १६ भित्रका सिंचाई कार्यमा प्रयोग हुने डिप बोरिङ र नियमानुसार जडित विद्युत् मिटर हुनुपर्नेछ ।
- डिप बोरिङ उपभोक्ता समितिवा समूह वा सार्वजनिक रुपमा समुदायद्वारा संचालित र उपभोग गरेको हुनुपर्नेछ ।
- डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल मासिक रुपमा सम्बन्धित उपभोक्ता समूह वा समितिबाट सम्बन्धित निकायमा बुझाएको रसिद पेश भएपश्चात् वडा कार्यालयले सो को सोधभर्ना भुक्तानी व्यहोर्नेछ । तर उक्त सोधभर्ना रकममा विद्युत् मिटर जडान, मर्मत तथा अन्य संचालन खर्च र जरिवाना आदि रकमको सोधभर्ना वडा कार्यालयबाट दिइने छैन ।
- अनुदान प्राप्त गर्ने उपभोक्ता समिति वा समूह छनौट गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वडा कार्यालयको रहनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

- उपभोक्ता समिति वा समूह दर्ता र नवीकरणका कागजातहरुको प्रतिलिपि
- सम्बन्धित उपभोक्ता समूह वा समितिको निर्णय
- निवेदन

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय**
हेटौंडा, मकवानपुर ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना